कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय जाजरकोट
खलङ्गा
फोन नं. : ०८९-४३०२७१
वेबसाइट : www.dfojajarkot.gov.np

२०७८।९।२३
का.मु. डिभिजनल वन अधिकृत

प.सं. :- ०७८/०७९ (योजना तथा व्यवस्थापन)
च.नं. :-

सूचना नं :
मितिः २०७८/०९/२३

## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०९/२३ गते

यस डिभिजन वन कार्यालय जाजरकोटको चालू आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम मेरो आँखा मेरो कथा वृत्तचित्र निर्माण सेवा प्रदायकबाट सञ्चालन गर्नुपर्ने भएकाले यस कार्यालयमा सूचिकृत भएका सम्बन्धीत विषयमा कारोबार गर्न अनुमति प्राप्त फर्महरुले तोकिएको बजेटको सिमा भित्र रही के कति दररेटमा सेवा खरिद गर्न सकिने हो सोको तोकिएको ढाँचामा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र पेश गर्नुहुन जानकारी गरिन्छ।

तपसिल

| सि.नं. | क्रियाकलाप | इकाई | परिमाण | स्वीकृत रकम रु. (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | मेरो आँखा मेरो कथा वृत्तचित्र | पटक | १ | ३ | कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७८ तथा कार्यक्षेत्रगत शर्त बमोजिम गर्ने |

कार्यक्षेत्रगत शर्त अनुसार प्रस्ताव तयार गरी उल्लेखित प्रमाणपत्रहरु सहित कार्यालयमा इमेल मार्फत वा स्वयंम उपस्थित भै पेश गर्नुपर्नेछ ।कार्यक्षेत्रगत शर्त यस कार्यालयको सूचना पाटी तथा वेभसाईट www.dfojajarkot.gov.np मा राखिएको छ।

कर्णाली प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय,............

**[सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) बमोजिम दरभाउपत्र वा प्रस्ताव आह्वान प्रयोजनको लागि]**

## मेरो आँखा मेरो कथा वृत्तचित्र तयारी कार्यक्रम संचालन सम्बन्धी कार्यक्षेत्रगत शर्तहरु

**Terms of Reference (ToR)**

## १. पृष्ठभूमी

विश्वमा नेपाल र नेपालमा कर्णाली प्रदेश जलवायू परिवर्तनबाट बढी संवेदनशील र जोखिमपूर्ण छ। अत: स्थानीय समुदायहरुले देखेको र भोगेको जलवायू परिवर्तनका असर तथा प्रभावहरु के के छन् ? यसबाट सृजित समस्याहरु के हुन् ? ती समस्या र चुनौतिलाई कसरी सामना गरिएको छ ? आगामी दिनहरुमा के कस्ता उपायहरु अबलम्बन गर्दा जलवायू परिवर्तनको अनुकुलन तथा न्यूनिकरण हुन सक्छ र जलवायू परिवर्तन उत्थानशील समाजको निर्माण गर्न सकिन्छ ? भन्ने सवालहरुको जवाफलाई स्थानीय समुदायहरुकै शब्दमा समेटेर एक श्रव्यदृष्य वित्तचित्र तयार गर्ने उद्देश्यले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयद्वारा डिभिजन वन कार्यालय .......को आ.व. २०७८।०७९ स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत **मेरो आँखा मेरो कथा वृत्तचित्र** तयार गर्ने कार्यक्रमको लागि वजेट रु ३००००० (तीन लाख) विनियोजन भएको छ । यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रविधिमा दक्ष जनशक्ति आवश्यक पर्ने र कार्यालयमा मौजुदा जनशक्तिबाट उल्लेखित कार्य सम्पन्न हुन सम्भव नदेखिएकोले सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सेवा प्रदायक छनौट गरी कार्यसम्पादन गर्नु पर्ने भएकोले यो कार्यक्षेत्रगत शर्तहरु (Terms of References) तयार गरिएको छ ।

## २. उद्देश्य

जलवायू परिवर्तन उत्थानशीलताको लागि जनचेतना अभिवृद्धि गर्नु यस कार्यक्रमको उद्देश्य रहने छ ।

## ३. कार्यक्षेत्रगत शर्तहरु

क. जलवायू परिवर्तन सम्बन्धी देहायका सवालहरुको प्रतिक्रिया स्वरुप स्थानीय समुदायहरुको धारणा, भोगाइ र अनुभवलाई वृत्तचित्रमा समेट्नु पर्नेछ :

- ❖ जलवायूमा के परिवर्तन भएको छ ?
- ❖ उक्त परिवर्तनले जनजीवनमा के कस्तो असर वा प्रभाव पारेको छ ?
- ❖ ती असर वा प्रभावबाट सृजित के के समस्या वा चुनौति छन् ?
- ❖ भोग्नु परेका समस्याहरुलाई कसरी समाधान गरिएको छ ?
- ❖ जलवायू परिवर्तन समानुकूलन, न्यूनिकरण र उत्थानशिल समाज निर्माणको लागि अब उपरान्त अबलम्बन गर्नु पर्ने उपायहरु के के हुन् ?

ख. वृत्तचित्रमा वक्ताहरुको आफ्नै शब्द-भनाइहरु मात्र रहनु पर्नेछ ।
ग. वृत्तचित्रमा बक्ताहरुको विचार, उपाय र धारणा नदोहोरिएको हुनु पर्नेछ ।
घ. यस कार्यका लागि सम्भव भएसम्म कार्यक्षेत्र भित्रका सबै स्थानीय तहका प्रतिनिधिमूलक समुदायलाई समेट्नु पर्नेछ ।
ङ. वृत्तचित्र छोटो, सरल र स्पष्ट हुनु पर्नेछ ।
च. उक्त भिडियोबाट २ -३ मिनेटको प्रोमो तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।
छ. वृत्तचित्र तयार गर्दा लिइएका तस्वीर र अन्य भिडियो उपलब्ध गराउनु पर्नेछ ।
ज. कार्यालयबाट प्राप्त सूझावहरु समेत समावेश गरी तोकिएको समयावधि भित्र वृत्तिचत्र तयार गरी पेश गर्नुपर्नेछ।

## ४. सेवा प्रदायकको छनौट

सेवा प्रदायकको छनौट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ। विधिवत रुपमा भिडियो निर्माण गर्ने उद्देश्यले फर्म दर्ता भएको हुनुपर्ने ।

## ५. प्रस्तावको ढाँचा

आर्थिक तथा प्राविधिक प्रस्तावको कार्यक्षेत्रगत शर्तहरु (ToR) को पालना हुने गरी प्रस्तावको ढाँचा देहाय बमोजिमको हुनेछ :

क. परामर्शदाता संस्थाको परिचय (संस्थाको नाम, ठेगाना, सम्पर्क व्यक्ति, ईमेल र अन्य उपयुक्त विवरण)
ख. परामर्शदाता संस्थाको अनुभव
ग. कार्य योजना (श्रव्यदृष्य वृत्तचित्र निर्माण विधि)
घ. प्रस्तावित जनशक्ति (सम्बन्धित विज्ञको CV र मुख्य प्रमाणपत्र सहित पेश गर्नु पर्नेछ)
ङ. प्राविधिक सामाग्रीको उपलब्धता

## ६. प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरु

प्रस्ताव दर्ता गर्ने व्यक्ति/ फर्म/ संस्था/ कम्पनीले देहायका सक्कल कागजातहरुका साथ प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

क. संस्था दर्ता तथा नविकरणको प्रमाणपत्र
ख. मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र
ग. कालो सूचीमा नपरेको स्वघोषणापत्र
घ. आ.व. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र
ङ. संस्थाको अनुभव खुल्ने कागजातहरु (प्रस्तावसंग सम्वन्धित बढीमा २ वटासम्म)
च. विगतमा सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी गरेका कृयाकलापहरु खुल्ने कागजात

छ. प्रस्ताव गरिएका जनशक्तिको सम्बन्धित व्यक्तिले गरेको व्यक्तिगत विवरण

ज. अन्य सान्दर्भिक कागजातहरु

### ७. प्रस्ताव पेश गर्ने तरीका

कार्यालयले सूचीकृत व्यक्ति/ फर्म/ संस्था/ कम्पनीबाट प्रस्ताव पेश गर्नको लागि पत्र प्रेषित गर्नेछ । उपलव्ध गराएको प्रस्तावको ढाँचा अनुसार प्रस्ताव तयार गरी उल्लेखित प्रमाणपत्रहरु सहित कार्यालयमा इमेल मार्फत तथा स्वयंम उपस्थित भै पेश गर्नुपर्नेछ ।

### ८. प्रस्ताव मूल्यांकन गर्ने तरिका

प्रस्ताव मूल्यांकन न्यून लागत विधिबाट हुनेछ। सबैभन्दा न्यून लागत पेश गर्ने सेवाप्रदायकलाई परामर्श सेवाको लागि छनौट गरिनेछ ।

### ९. समय अवधि र भुक्तानी

सम्झौता भएको मितिले ३ (तीन) महिनाको समयावधि भित्र यो कार्य सम्पन्न गरी सक्नु पर्नेछ । तोकिएको समयावधि भित्र कार्यसम्पन्न हुन नसकेमा कार्यसम्पन्न हुन नसकेको मनासिव कारण सम्झौता भएको पक्षले पेश गरेमा कार्यालयले म्याद थप गर्न सक्नेछ।

### १०. भुक्तानी

सम्झौता बमोजिमको रकम एक किस्तामा भुक्तानी हुनेछ। सम्झौता भएको पक्षले उल्लेख भए बमोजिम तयार भएको वृत्तचित्र तथा सम्बन्धित तस्वीर लगायत पेश गरेपश्चात मात्र भुक्तानी दिइनेछ।

### ११. विविध

यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित), कर्णाली प्रदेश खर्च मापदण्ड तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ।